# राष्ट्रिय बहिरा महासंघ नेपालको मासिक बुलेटिन

# “बहिरा आवाज”

वर्ष -०३ अंक- २५, २०८२ कार्तिक

**महासंघको परिचयः**

राष्ट्रिय बहिरा महासंघ नेपाल सुनाइ सम्बन्धी अपाङ्गता भएका बहिरा व्यक्तिहरुको हकअधिकार, विकास, संजालीकरण तथा प्रतिनिधित्वका लागि गठित राष्ट्रिय स्तरको छाता संगठन हो । सन् १९९५ मा ८ जिल्ला बहिरा संघहरुको पहलकदमीमा स्थापना भएको यस महासंघमा हालसम्म ५४ जिल्ला बहिरा संघहरु आबद्ध रहेका छन् । देशको संघीय संरचना अनुसार महासंघ अन्तर्गत ७ वटै प्रदेश समितिहरु गठन भै क्रियाशिल रहेका छन् । जिल्ला प्रशासन कार्यालय काठमाडौं र समाज कल्याण परिषदमा दर्ता भएको एक गैरसरकारी, गैरराजनीतिक, गैरनाफामुखी सामाजिक संस्था हो । सन् १९९६ मा अन्तर्राष्ट्रिय मानव अधिकार संगठन, विश्व बहिरा महासंघ (WFD) र क्षेत्रीय सचिवालय (WFD RS A/P) सँग आबद्ध रहेको छ ।

महासंघले बहिरा व्यक्तिहरूको अधिकार सुनिश्चित गर्न कानूनी प्रावधानहरूका लागि वकालत गर्दै आएको छ । नेपाली साङ्केतिक भाषाको विकास, विभिन्न सामग्री निर्माण, तालिम संचालन तथा प्रचार-प्रसार, जिल्ला बहिरा संघहरुको स्थापना तथा क्षमता विकास, साङ्केतिक भाषाको दोभाषे उत्पादन तथा बहिरा व्यक्तिहरूको लागि दोभाषे सेवा, जनचेतना कार्यक्रम संचालन गर्दै आएको छ । महासंघले बहिरा बालबालिकाहरुको गुणस्तरीय शिक्षा, संचार, श्रवणदृष्टि विहीन बालबालिकाको पहिचान, श्रोत केन्द्रको स्थापना गरी शैक्षिक विकास, शिक्षक तालिम, स्वास्थ्य सेवामा पहुँच, बहिरा नागरिकहरुलाई रोजगार तालिम तथा अधिकारको वकालत, न्यायमा पहुँच, प्राकृतिक प्रकोपबाट सुरक्षा लगायत समाजमा समानता र भेदभावरहित वातावरण निर्माण, बहिरा संस्कृतिको प्रवर्धन लगायतका कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ ।

थप अपडेटको लागी वेवसाइट, फेसबुक, ट्वीटर र युटुब हेर्दै गर्नुहोला ।

**हाम्रो सम्पर्कः**

**राष्ट्रिय बहिरा महासंघ नेपाल (National Federation of the Deaf-Nepal)**

पो.ब.नं. ११३३८,काठमाडौं, नेपाल, फोन/फ्याक्स ९७७-१-४४३५५१४, ९८५११४४८०१ (SMS),

इमेल: info@deafnepal.org.np, admin@deafnepal.org.np

वेबसाइट : www.deafnepal.org.np

# राष्ट्रिय बहिरा महासंघ नेपालको मासिक बुलेटिन

NDFN 1995

# "बहिरा आवाज"

वर्ष -०३ अंक- २५, २०८२ कार्तिक


## यस अंक भित्रः

**विषय-सूची** **पेज**


**१. साङ्केतिक भाषा दोभाषेहरुको एड्भान्स तालिम पाठ्यक्रम मस्यौदा माथि सुझाव संकलन गोष्ठी सम्पन्न - २**

**२. श्रवणदृष्टि विहीन बालबालिकाका अभिभावकहरुको क्षमता विकास अभिमुखीकरण सम्पन्न - ३**

**३. अबिलिस फाउन्डेसन (Abilis Foundation) महासंघमा परियोजना मुल्यांकन भ्रमण - ४**

**४. बहिरा युवाहरुका लागि ट्रेकिङ्ग गाईड तालिम सुरु - ४**

**५. बहिरा व्यक्तिहरुको लागि बरिस्ता तथा बेकरी तालिम सुरु - ५**

**६. बाँके-बर्दियाका बहिरा युवाका लागि हस्तकला तालिम सुरु - ६**

**७. विभिन्न विषयमा जानकारीमुलक भिडियो निर्माण - ६**

**विविध**

**८. मुगु बहिरा विकास संघको अधिवेशन सम्पन्न - ७**

**प्रकाशित समाचारबाट**

**९. ६० बर्षे साङ्केतिक भाषा** - शान्ति तामाङ - ७


## १. साङ्केतिक भाषा दोभाषेहरुको एड्भान्स तालिम पाठ्यक्रम मस्यौदा माथि सुझाव संकलन गोष्ठी सम्पन्न

राष्ट्रिय बहिरा महासंघ नेपाल, अपाङ्गता भएका महिलाहरुको महासंघ नेपाल, श्रवणदृष्टि विहीन अभिभावक समाज नेपाल र राष्ट्रिय साङ्केतिक भाषा दोभाषे संघ नेपालको संयुक्त आयोजना तथा अपाङ्गता अधिकार कोषको सहकार्यमा "साङ्केतिक भाषा दोभाषेहरुका लागि एड्भान्स तालिम पाठ्यक्रम मस्यौदामा सुझाव संकलनसम्बन्धी गोष्ठी" २०८२ कार्तिक २४ गते काठमाण्डौमा सम्पन्न भएको छ । राष्ट्रिय बहिरा महासंघ नेपालको गुणस्तरीय साङ्केतिक भाषाका दोभाषे उत्पादन गर्ने पहलकदमी स्वरूप महासंघले तीन सदस्यीय बिज्ञ समिति बनाएर ३ महिने साङ्केतिक भाषा दोभाषेहरुको एड्भान्स तालिम पाठ्यक्रमको मस्यौदा तयार पारेको थियो । उक्त मस्यौदा माथि छलफल गरेर पाठ्यक्रमलाई अन्तिम रुप दिनका लागि उक्त सुझाब संकलन गोष्ठीको आयोजना गरिएको थियो । गोष्ठीमा भाषा आयोग, शिक्षा तथा मानव स्रोत विकास केन्द्र, महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय,

त्रिभुवन विश्वविद्यालय, काठमाण्डौ विश्वविद्यालय, बहिरा विद्यालय, अपाङ्गता भएका व्यक्तिका संघसंस्थाका प्रतिनिधि, राष्ट्रिय साङ्केतिक भाषा दोभाषे संघ लगायतका प्रतिनिधि गरी ५९ जना जसमा २४ जना महिला एवं १५ जना विभिन्न सरकारी निकायका प्रतिनिधिहरुको सहभागिता रहेको थियो । साङ्केतिक भाषा दोभाषेहरुको एड्भान्स तालिम पाठ्यक्रम मस्यौदाबारे विज्ञ समितिका तर्फबाट डा. बाबुराम ढुंगानाले प्रस्तुतीकरण गर्नुभएको थियो । उक्त पाठ्यक्रमले साङ्केतिक भाषा दोभाषेको पेशागत सिप विकास, दोभाषेको आचारसंहिता बारेमा स्पष्टता, दोभाषेका जिम्मेवारी र साङ्केतिक भाषाको प्रवर्धन गर्नु मुख्य उद्धेश्य रहेको बताउनु भएको थियो ।




*सहभागीहरु माझ प्रशिक्षण दिनुहुदै डा. बाबुराम ढुंगाना*

मस्यौदामाथि सुझाब प्रस्तुत गर्दै भाषा आयोगका का.मु. सचिव डा. लोक बहादुर लोप्चनले निर्माण भएको पाठ्यक्रमलाई कार्यान्वयनमा कसरी लैजान सकिन्छ भन्ने बारेमा स्पष्ट हुनुपर्ने बताउनुहुदै आयोगले पाठ्यक्रम कार्यान्वयन गर्नका लागि महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय, संचार तथा सुचना प्रविधि मन्त्रालयसंग आवश्यक समन्वय गर्ने प्रतिवद्दता गर्नुभएको थियो । नेपाल नेत्रहीन संघका महासचिव कलाधर भण्डारीले नेपालमा दोभाषेको तालिम तथा प्रशिक्षणको लागि छुटै शिक्षण संस्था हुनुपर्ने बताउनु भएको थियो । नेपालमा हालसम्म पनि साङ्केतिक भाषा दोभाषेहरुको तालिम संचालन गर्ने निश्चित निकाय, दोभाषे कार्यविधि, तालिम एवं प्रमाणीकरणको व्यवस्था हुन नसकेकाले सो विषयमा सरकार जिम्मेवार हुनुपर्नेमा सरोकारवालाहरुले सुझाव दिएका थिए ।

## २. श्रवणदृष्टि विहीन बालबालिकाका अभिभावकहरुको क्षमता विकास अभिमुखिकरण सम्पन्न

राष्ट्रिय बहिरा महासंघ नेपालको आयोजनामा श्रवणदृष्टि विहीनता भएका बालबालिकाका ३२ जना अभिभावकहरुका लागि क्षमता विकास अभिमुखीकरण मिति २०८२ कात्तिक २३ र २४ गते पोखरामा सम्पन्न भएको थियो । उक्त अभिमुखीकरण कार्यक्रममा समावेशी शिक्षा, श्रवणदृष्टि विहिनता भएका बालबालिकाहरुको स्याहार सुसार तथा सिकाइका लागि स्रोतकक्षाबाट सेवा लिन सकिने र घरमा समेत उपयुक्त विधी अपनाउन सकिने, सिकाइका लागि बनाइने वैयक्तिक शैक्षिक योजनाको कार्यान्वयनमा अभिभावकको बुझाइ प्रयाप्त नहुदा बालबालिकाको सिकाइमा चुनौति भइरहेकोबारे छलफल गरिएको थियो ।



*सहभागीहरु माझ प्रशिक्षण दिनुहुदै अध्यक्ष लाक्पा शेर्पा*

साथै स्रोत शिक्षक र अभिभावकहरु विचमा श्रवणदृष्टि विहिनता भएका बालबालिकाहरुको सिकाइमा ध्यान दिने विषय लगायत छलफल पनि गरिएको थियो।

उक्त कार्यक्रमका अवसरमा नियमित विद्यालयमा आउन यातायातमा कठिनाइ भएका कारण सिकाइ ढिला भएको अवस्थालाई मध्यनजर गरी तत्काल यातायातको साधन व्यवस्थापन गर्न अभिभावकहरुले समिति गठन गरिएको छ। कार्यक्रममा श्रवणदृष्टि विहीन अभिभावक समाज काठमाण्डौका अध्यक्ष लाक्पा शेर्पाले आफ्नो श्रवणदृष्टि विहिन छोरामा आएको परिवर्तन र अभिभावकको जिम्मेवारीका विषयमा जानकारी गराउनु भएको थियो। छोरालाई प्रत्यक्ष अभिभाकहरुसँग सञ्चार तथा गमशिलताको अभ्यास गराएर देखाएपछि कास्की जिल्लाका अभिभावकहरुले आफ्ना श्रवणदृष्टि विहिन बालबालिकाले सिक्न सक्ने रहेछन भन्ने विश्वास बढेको बताएका थिए। अध्यक्ष शेर्पाले अभिभावकहरुले आफ्ना बालबालिकाको भावना बुझे मात्र सिकाइ सम्भव हुने आफ्नो अनुभव रहेको बताएका थिए। हाल कास्कीमा स्रोत कक्षा र घरमा आधारित शिक्षामा गरी १६ जना श्रवणदृष्टि विहीनता तथा बहु-अपाङ्गता भएका बालबालिकाहरुले सेवा लिइरहेका छन।

## ३. अबिलिस फाउन्डेसन (Abilis Foundation) महासंघमा परियोजना मुल्यांकन भ्रमण

अबिलिस फाउन्डेसन, फिनल्याण्डका नेपाल कार्यक्रम संयोजक Mr. James O' Sullivan तथा नेपालका देशीय संयोजक डा. विरेन्द्रराज पोखरेलद्वारा राष्ट्रिय बहिरा महासंघ नेपालले अबिलिस फाउन्डेसनको सहयोगमा संचालन गर्दै आएको परियोजनाको अनुगमन भ्रमण गर्नु भएको छ। अनुगमनका क्रममा प्रतिनिधिहरू सँग महासंघले २०२५ मा संचालन गरिरहेको बहिरा समुदायको सूचना तथा सञ्चार तथा डिजिटल प्रविधिमा पहुँच अभिवृद्धी परियोजना अन्तर्गतका सम्पन्न गतिविधिहरू, विशेषतः सूचनामूलक, जनचेतनामूलक र सहभागितामूलक पहुँचयुक्त भिडियो उत्पादन तथा प्रसारण कार्यक्रमको अवस्था, उपलब्धी, चुनौती लगायतका पक्षमा छलफल गरिएको थियो। उक्त अनुगमन भ्रमणले परियोजनालाई अझ सुदृढ बनाउँदै बहिरा समुदायको सूचना तथा डिजिटल पहुँच विस्तारमा महत्वपूर्ण सहयोग पुग्ने बिश्वास महासंघले लिएको छ।



*परियोजना सम्बन्धमा छलफलको क्रममा*

## ४. बहिरा युवाहरुका लागि ट्रेकिङ्ग गाईड तालिम सुरु

नेपाल पर्यटन बोर्ड तथा संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम (युएनडिपी) सँगको सहकार्यमा संचालित नेपालको पर्यटन दिगो पर्यटन परियोजनासंगको सहकार्यमा राष्ट्रिय बहिरा महासंघ नेपालले समावेशी पर्यटनका लागि बहिरा व्यक्तिको सीप र उद्यमशीलता विकास परियोजना संचालन गरेको थियो। उक्त परियोजना अन्तर्गत महासंघले नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठानसंगको साझेदारीमा २५ जना बहिरा युवाहरुको लागि ३५ दिने ट्रेकिङ गाइड तालिम मिति २०८२ कार्तिक १८ गते काठमाण्डौमा आरम्भ भएको थियो। नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठानका कार्यकारी निर्देशक दिव्यराज पोखरेलको प्रमुख आतिथ्यता तथा नेपाल पर्यटन

तथा होटल व्यवस्थापन प्रतिष्ठानका प्रिन्सिपल अजय कुमार ढकाल, राष्ट्रसङ्घीय विकास कार्यक्रम (युएनडिपी)को दिगो विकास परियोजना म्यानेजर दिव्य दवाडी, राष्ट्रिय बहिरा महासंघ नेपालका अध्यक्ष सन्तोष केसी लगायतको आतिथ्यतामा उद्घाटन कार्यक्रम सम्पन्न गरिएको थियो।




*सामुहिक तस्बिर*

कार्यक्रममा आफ्ना धारणा राख्नुहुदै राष्ट्रसङ्घीय विकास कार्यक्रम (युएनडिपी) को दिगो विकास परियोजना प्रबन्धक दिव्य दवाडीले पर्यटन क्षेत्रलाई समावेशी र दिगो बनाउन समाजबाट पछाडि परेका वा पारिएका वर्ग समुदायहरुलाई जोड्न राष्ट्रसङ्घीय विकास कार्यक्रम (युएनडिपी) को परियोजनाले सहकार्य गरिरहेको र त्यसै अनुरुप सो तालिमको आयोजना गरिएको साथै यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकहरुलाई पनि ट्रेकिङ गाइड तालिम दिइसकेको जानकारी गराउनुभएको थियो। नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठानका कार्यकारी निर्देशक दिव्यराज पोखरेलले उक्त तालिमले नेपालको सभ्यता इतिहास र सुन्दरतालाई थप संसारभर चिनाउन बहिरा युवाहरुको भूमिका विशेष हुने विश्वास व्यक्त गर्नुभएको थियो। उक्त तालिम कार्यक्रमले बहिरा युवाहरुको लागि ट्रेकिङ गाइडसम्बन्धी सिप र क्षमता बिकास गरी समावेशी पर्यटन प्रवर्धनमा सहयोग पुर्याउने बिश्वास महासंघले गरेको छ।

माउन्टेन खबर समाचारबाट साभार गरिएको यहाँ हेर्नुहोस्।

नाथम आवाज साभार गरिएको यहाँ हेर्नुहोस्।

## ५. बहिरा व्यक्तिहरुको लागि बरिस्ता तथा बेकरी तालिम सुरु

राष्ट्रिय बहिरा महासंघ नेपालको आयोजना तथा नेपाल पर्यटन बोर्ड, राष्ट्रसङ्घीय विकास कार्यक्रम (युएनडिपी) र कोथिना मिठो छ स्कुल अफ हस्पिटालिटीको संयुक्त साझेदारीमा मिति २०८२ कार्तिक १९ गते काठमाण्डौमा २० जना बहिरा व्यक्तिहरुको सहभागीतामा २१ दिने बरिस्ता तथा बेकरी तालिम सुरु भएको थियो। २ सिफ्ट हुने एक हप्ता बेकरी र दुई हप्ता बरिस्ता तालिम संचालन भएको छ। तालिमबाट प्रशिक्षित बहिराहरुको



*सामुहिक तस्बिर*

लागि विभिन्न होटेल क्षेत्रमा रोजगारीमा जोड्न पैरवी गर्ने र कतिपयलाई केहि लगानी जुटाएर व्यवसाय गर्न प्रेरित गर्ने राष्ट्रिय बहिरा महासंघ नेपालका अध्यक्ष सन्तोष केसीले जानकारी दिनुभयो ।

## ६. बाँके-बर्दियाका बहिरा युवाका लागि हस्तकला तालिम सुरु

राष्ट्रिय बहिरा महासंघ नेपालको आयोजना एवम् नेपाल पर्यटन बोर्ड र संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (युएनडिपी) को सहकार्यमा बहिरा युवालाई उद्यमशील बनाउन १५ दिने छ्वाली आर्ट (हस्तकला) मिति २०८२ कात्तिक २८ गते तालिम कृषि व्यवसाय प्रवर्धन तथा तालिम केन्द्र खजुरा बाँकेमा औपचारिक तालिम उद्घाटन भएको थियो । उक्त तालिममा १५ जनाको सहभागिता रहेको थियो । तालिम उद्घाटन कार्यक्रममा खजुरा गाउँपालिका अध्यक्ष डम्बर बहादुर विकले बहिरा युवाहरुले तालिम सिके पश्चाप छ्वाली आर्ट (हस्तकला) का सामाग्रीहरुबाट आत्मनिर्भर बन्न सहयोग पुग्ने जानकारी दिनुभएको थियो । नेपाल पत्रकार महासंघ बाँकेका अध्यक्ष नवीन गिरीले जीवनोपयोगी सीपमूलक तालिमले आत्मनिर्भरतामा टेवा पुग्ने र उत्पादित सामग्रीको बजारीकरणमा मिडियाको साथ रहने जानकारी गराउनुभएको थियो ।




*सामुहिक तस्बिर*

राष्ट्रिय बहिरा महासंघ नेपालका अध्यक्ष सन्तोष केसीले कृषिमा खेर गइरहेका वस्तुहरुको सदुपयोग गरेर सीप प्रवर्धन गर्दै बहिरा युवाहरुको आय-आर्जनमा टेवा पुर्याउने उद्देश्यले तालिम आयोजना गरेको र छ्वाली आर्टको विदेशमा उच्च माग रहेको समेत बताउनुभएको थियो । उत्पादित सामग्रीहरुको बजारीकरणका लागी बाँके राष्ट्रिय निकुञ्ज र बर्दिया राष्ट्रिय निकुञ्ज भ्रमणमा आउने स्थानका पसलहरूबाट बिक्रिवितरण गर्न सकिने जसले पर्यटन प्रवर्धनार्थ प्रचारप्रसार गर्न सकिने जानकारी दिनुभएको थियो ।

## ७. विभिन्न विषयमा जानकारीमुलक भिडियो निर्माण

राष्ट्रिय बहिरा महासंघ नेपालले एबिलिस फाउन्डेसनको सहयोगमा बहिरा समुदायको सूचना र सञ्चार तथा डिजिटल प्रविधिमा पहुँच अभिवृद्धि परियोजना अन्तर्गत २०२५ मा आरम्भ गरेको साङ्केतिक भाषाको भिडियो निर्माण कार्यले निरन्तरता पायो । बहिरा समुदायका लागि सुचनामुलक, जनचेतनामुलक, उत्प्रेरणामुलक, उत्पादनमुलक, सहभागितामुलक भिडियो सामग्रीहरु पहुँचयुक्त ढाँचामा उत्पादन र प्रसारण गरिएको छ । कार्तिक महिनामा निर्माण गरिएका जानकारीमुलक केही भिडियो तल हेर्नुहोस् ।

१. "आगलागिबाट कसरी सुरक्षित रहने" भन्ने बारेमा जानकारीमुलक भिडियो यहाँ हेर्नुहोस् ।
२. "रुघा, फ्लु र कोभिड" बारेमा जानकारीमुलक भिडियो यहाँ हेर्नुहोस्।
३. "जेन-जी पुस्ता" जानकारीमुलक भिडियो यहाँ  हेर्नुहोस् ।

## विविध

### ८. मुगु बहिरा संघको अधिवेशन सम्पन्न


*नवनिर्वाचित कार्यसमिति सदस्यहरु*

मिति २०८२ कात्तिक १८ गते सम्पन्न मुगु बहिरा विकास संघ, मुगुको चौथो वार्षिक साधारण सभा तथा दोस्रो अधिवेशनबाट राज बहादुर बुढाको नेतृत्वमा ९ सदस्यीय कार्यसमिति निर्वाचित भएको छ। नयाँ कार्यसमितिमा उपाध्यक्ष - सुरेन्द्र बोहोरा, सचिव - भानुभक्त रोकाया, कोषाध्यक्ष - मायालक्ष्मी मल्ल तथा सदस्यहरुमा हांसिला रावत, गणेश बुढा, पारस मल्ल, मिना बि.क. र गगन रोकाया निर्वाचित भएका छन्।

## प्रकाशित समाचारबाट

### ९. ६० बर्षे साङ्केतिक भाषा – शान्ति तामाङ

नेपालमा ५९ वर्षअघिबाट सांकेतिक भाषा पढाउन सुरु गरियो। २०२३ सालमा काठमाडौंस्थित वीर अस्पतालका दुईओटा कोठामा सुस्तश्रवण भएकालाई सांकेतिक भाषा पढाउन थालियो। २०३० सालमा काठमाडौं स्थित नक्सालको बाल संगठन कार्यालयमा शिक्षण सुरु भयो। त्यसपछि भैरहवाका केही स्थानीय सुस्तश्रवण भएकालाई पनि सांकेतिक भाषा पढाउन सुरु भयो।
यस समाचारसम्बन्धी थप विवरण नयाँपत्रिकाबाट साभार यहाँ हेर्नुहोस्।

---

**हाम्रा साझेदार संस्थाहरु :-**



**"साङ्केतिक भाषामा सञ्चार गर्न पाउने बहिरा नागरिकको नैसर्गीक अधिकार सुनिश्चित गर्नु सरकारको दायित्व हो ।"**

* समाप्त !!! *

**सचेतनामूलक सूचना सामाग्री :**

